# खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल
KHAIRAHANI MUNICIPALITY
Office of the Municipal Executive
Khairahani, Chitwan, Bagmati Province, Nepal


प.सं. :
च.नं. :

## सार्वजनिक अपील तथा समवेदना वक्तव्य

**मिति: २०८३/०५/११**

हिजो मिति २०८३ भदौ १० गते रसुवा जिल्लास्थित भोटेकोशी नदीमा आएको आकस्मिक बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन जिल्लाका नदी तटीय क्षेत्रमा ठूलो मानवीय क्षति हुनुका साथै भवनबस्ती, सडक, पुल, विद्युत तथा सञ्चारजस्ता भौतिक संरचनामा पुगेको अपूरणीय क्षतिप्रति खैरहनी नगरपालिका परिवार गहिरो दुःख व्यक्त गर्दछ।

यस दुखद् घडीमा प्राकृतिक विपद्मा परी ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं। साथै, घाइते हुनुभएका सबै नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बाढीबाट प्रभावित सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक सहानुभूति व्यक्त गर्दछौं।

हाल प्रभावित क्षेत्रहरूमा खोज, उद्धार तथा राहत कार्य निरन्तर जारी रहेको अवस्थामा प्रभावित नागरिकको जीवनरक्षा र उहाँहरूलाई तत्काल आवश्यक मानवीय सहायता पुऱ्याउनु नै हाम्रो पहिलो कर्तव्य हो। खैरहनी नगरपालिका यस विपद्बाट प्रभावित हुनुभएका सम्पूर्ण नागरिकहरूसँग ऐक्यबद्धता जनाउँदै आवश्यक सहयोग गर्न प्रतिबद्ध छ।

यस संकटको सामना गर्न र राहत कार्यलाई थप प्रभावकारी बनाउन खैरहनी नगरपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, गैरसरकारी संघ-संस्था, उद्योगी-व्यवसायी, बुद्धिजिवि तथा सम्पूर्ण खैरहनीवासी आदरणीय जनसमुदायमा नेपाल सरकारको **'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'** मार्फत सक्दो आर्थिक तथा मानवीय सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

बाढी तथा पहिरोको जोखिम अझै कायम रहन सक्ने भएकाले नदी तटीय क्षेत्रमा बस्नुहुने सम्पूर्ण नागरिकहरूलाई आवश्यक सजगता र सतर्कता अपनाउनुहुन आग्रह गरिन्छ। मानवीय एकता र आपसी सहयोगबाट नै हामी यस कठिन परिस्थितिबाट बाहिर निस्कन सक्नेछौं।

(शशी कुमार खनिया)
नगर प्रमुख

शशी कुमार खनिया
नगर प्रमुख